# नेपाल, गण्डकी प्रदेश, तनहुँ, व्यास नगरपालिका

# स्थानीय राजपत्र

## खण्ड ७, संख्याः ९, भाद्र १० गते, २०८० साल


व्यास नगरपालिकाको नगर कार्यपालिकाले पारित गरेको तल लेखिए बमोजिमको संशोधित कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम आम नागरिकको जानकारीका लागि प्रकाशन गरिएको छ।

# भाग २

## व्यास नगरपालिका निर्माण व्यवसायी इजाजत पत्र नियमित गर्ने कार्यविधि (पाँचौं संशोधन), २०८०

कार्यपालिकाबाट स्वीकृत मितिः २०८०।५।७

व्यास नगरपालिका निर्माण व्यवसायी इजाजत पत्र नियमित गर्ने कार्यविधि, २०७७ लाई संशोधन गर्न वाञ्छनीय भएकोले व्यास नगरपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ (१) बमोजिम कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागु हुने गरी निम्नानुसार संशोधन गरेको छः

१. दफा ४ उपदफा (२) उपशाखामा पर्न आएको दरखास्त उपर "घ" श्रेणीको इजाजत पत्र दिन पुग्ने योग्यता अनुसूची २ बमोजिम भए नभएको विषयमा छानविन गर्न तल लेखिए बमोजिम पाँच सदस्यीय मूल्याङ्कन समिति गठन हुनेछ :

(क) संयोजक — प्रमुख प्रशासकीय अधिकृत
(ख) सदस्य — शहरी पूर्वाधार तथा प्राविधिक शाखा प्रमुख
(ग) ,, — उद्योग पर्यटन विकास शाखा प्रमुख
(घ) ,, — स्थानीय निर्माण व्यवसायी संस्थाको प्रतिनिधि
(ङ) सदस्य सचिव — राजश्व उपशाखा प्रमुख

भन्नेको सट्टा उपशाखामा पर्न आएको दरखास्त उपर "घ" श्रेणीको इजाजत पत्र दिन पुग्ने योग्यता अनुसूची २ बमोजिम भए नभएको विषयमा छानविन गर्न तल लेखिए बमोजिम पाँच सदस्यीय मूल्याङ्कन समिति गठन हुनेछ :

(क) संयोजक– प्रमुख प्रशासकीय अधिकृत

(ख) सदस्य – पूर्वाधार तथा योजना शाखा प्रमुख
(ग) सदस्य – राजश्व व्यवस्थापन शाखा प्रमुख
(घ) सदस्य – स्थानीय निर्माण व्यवसायी प्रतिनिधि
(ङ) सदस्य-सचिव – उद्योग, पर्यटन, श्रम तथा रोजगार शाखा प्रमुख

२. दफा ५ "दफा ४ को उपदफा (३) बमोजिम प्रदान गरिने इजाजत पत्र खारेज वा अन्यथा नभएमा श्रावण १ देखि आषाढ मसान्त वा एक आर्थिक वर्षसम्म रहनेछ" **भन्ने बाक्यांशको सट्टा** "दफा ४ को उपदफा (३) बमोजिम प्रदान गरिने इजाजत पत्रको अवधि हरेक आर्थिक वर्षको श्रावण १ देखि आषाढ मसान्तसम्म एक आर्थिक वर्षको समय रहनेछ" राखिएको छ ।

३. दफा ६ को उपदफा (२) "उपदफा (१) बमोजिमको हदम्याद भित्र नवीकरण नगर्ने निर्माण व्यवसायीको म्याद नाघेको मितिले ६ महिना भित्र सबै प्रमाण पुऱ्याई नवीकरण गर्नका लागि माग गरेमा दोब्बर दस्तुर लिई र सो म्याद पनि नाघेमा म्याद नाघेको मितिले १ वर्षभित्र आएमा तेब्बर दस्तुर लिई नवीकरण गर्न सकिने छ । हाल म्याद नाघी नवीकरण हुन बाँकी रहेकाको हकमा ३ महिना भित्र आएमा तेब्बर दस्तुर लिई नवीकरण गर्न सकिने छ" **भन्नेको सट्टा** "उपदफा (१) बमोजिमको हदम्याद भित्र नवीकरण नगर्ने निर्माण व्यवसायीको म्याद नाघेको मितिल ६ महिना भित्र सबै प्रमाण पुऱ्याई नवीकरण गर्नका लागि माग गरेमा दोब्बर दस्तुर लिई र सो म्याद पनि नाघेमा म्याद नाघेको मितिले १ वर्षभित्र आएमा तेब्बर दस्तुर लिई नवीकरण गर्न सकिने छ" कायम गरिएको छ ।

४. दफा ६ को उपदफा (४) "उपदफा (१) र (२) बमोजिम नवीकरण हुन नसकेका निर्माण व्यवसायीहरुले कुनै कारणवश नवीकरण गर्न नसकेको विश्वसनीय प्रमाण पेश गरेमा दफा ४ (२) बमोजिम गठित समितिको सिफारिसमा कार्यपालिकाको बैठकबाट एक पटकलाई लाग्ने दस्तुरको ५ दोब्बर दस्तुर लिई नवीकरण गर्न सकिने छ" भन्ने राखी थप गरिएको छ ।

आज्ञाले
गंगालाल सुबेदी
प्रमुख प्रशासकीय अधिकृत